**Annex: 3**

## Article of Memorandum

**अनुसुची -३**

(दफा-४ को उपदफा (१) सँग सम्बन्धित)

एकल शेयरधनी भएको प्राइभेट लिमिटेड कम्पनीको नियमावलीको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

**............(कम्पनीको पूरा नाम) प्राइभेट लिमिटेड कम्पनीको**

## नियमावली

### परिच्छेद-१
### प्रारम्भिक

१. **कम्पनीको नाम :** यस कम्पनीको नाम ................................ हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय ................................. जिल्ला ....................... नगरपालिका/गाउँ विकास समितिका रहनेछ ।

३. **परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा , -

(क) "ऐन" भन्नाले कम्पनी ऐन ,२०६३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट ारको कार्यालय सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले ...........................................प्रा.लि. सम्झनु पर्छ ।

(आवश्यकताअनुसार क्रम संख्या बढाई परिभाषा गर्नु पर्ने शब्दको परिभाषा गर्ने (

४. **कम्पनीको उद्धेश्य :** कम्पनीको उद्धेश्य प्रबन्धपत्रको दफा ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

### परिच्छेद-२

### शेयरपुँजी तथा ऋण

५. **शेयरको अंकित मुल्य :** यस कम्पनीको शेयरको अंकित मुल्य रु.............हुनेछ ।

६ **शेयरको बिक्री वा धितोबन्धक सम्बन्धबी यवस्था :**

(क) कम्पनीको शेयर चल सम्पत्ति सरह बिक्री गर्न,धितोबन्धक राख्न सकिनेछ ।

( यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त ऐन बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालय निवेदन दिनुपनेछ ।

(ग) उपनियम (२) बमोजिम निवेदन परेमा कम्पनीले निवेदन परेको पन्ध्र दिनभित्र आफ्नो किताबमा निवेदकको नाममा शेयर दर्ता गर्नेछ ।

(घ) उपनियम (२) बमोजिमको शेयर खरिद बिक्री भएकोमा त्यसरी खरिद बिक्री भएको दिनभित्र कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

७. **शेयर प्रमाण पत्र :**

(क) कम्पनीको शेयरधनीलाई निजले लिएको शेयरवापत कम्पनी सचिव वा शेयरधनी अधिकार प्रदान गरेको यक्तिको सही र कम्पनीले आफ्नो कारेबारमा छाप प्रयोग गर्ने भए कम्पनीको लागेको शेयर प्रमाणपत्र दिइनेछ ।